नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं: २०७६/७८
च नं: ०५

मितिः२०७७।०४।०४

श्री जिल्ला समन्वय समितिको कार्यालय(सबै)।

बिषयः साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको अबकाश भुक्तानी बारे।

प्रस्तुत बिषयमा साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको अबकाश भुक्तानी सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०३।२९ को निर्णयको प्रतिलिपि यसैसाथ संलग्न छ। उक्त निर्णय अनुसार साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई नियमानुसार अवकाश भएका कर्मचारीको अबकाश भुक्तानीको सम्बन्धमा देहाय अनुसार गर्नुहुन अनुरोध छ।

तपशिल

१. साविकका जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका र कानून बमोजिम सम्वत् २०७७ साल असार मसान्तभित्र अवकाश प्राप्त कर्मचारीको सञ्चित विदा, औषधि उपचार र उपदानको रकम जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने,
२. सम्वत् २०७७ असार मसान्तभित्र अवकाश भइसकेका त्यस्ता कर्मचारीको हकमा कर्मचारी कल्याण कोषमा रकम नभएमा वा नपुग भएमा जिल्ला समन्वय समितिले भुक्तानीका लागि आवश्यक पर्ने नपुग रकम एकीन गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आवश्यक रकम र नपुग रकमको विवरण प्रमाणित गराई जिल्ला समन्वय समितिको कार्यालयले मन्त्रालयमा पठाउने,
३. अर्थ मन्त्रालयवाट प्रयोजन खुलाई सम्बन्धित जिल्ला समन्वय समितिलाई निकासा प्राप्त भएपछि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत नियमानुसार भुक्तानी गर्ने,
४. सम्वत २०७७ साल असार मसान्तभित्र नियमानुसार अवकाश भई सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा रहेको कर्मचारी कल्याण कोषमा रहेको रकमबाट उपदान सञ्चित विदा तथा औषधि उपचार बापतको रकम भुक्तानी गर्न अपुग भएको अवस्थामा जिल्ला समन्वय समितिको कार्यालयले सोही व्यहोरा उल्लेख गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई रकम निकासाको लागि मन्त्रालयमा अनुरोध गरी पठाउने व्यवस्था मिलाउने।

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौः आवश्यक सहयोग र समन्वयको लागि।
श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन।
श्री आर्थिक प्रशासन शाखाः रकम निकाशामा सहजिकरणको लागि।

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विषयः साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृत सुविधाको रकम भुक्तानी गर्ने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७७/०२/२२

१. विषयको संक्षिप्त व्यहोराः साविकका जिल्ला विकास समितिमा स्थायी नियुक्ति लिई अवकाश भएका कर्मचारीको सेवा निवृत सुबिधाको रकम स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषबाट व्यहोर्ने प्रावधान रहेको छ । विभिन्न समयमा भएको तलब बृद्धि तथा राज्यको पुनर्संरचनाको पश्चात जिल्ला समन्वय समितिको रुपमा भएको परिवर्तित भूमिकाको कारण केही जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषमा पर्याप्त रकम नभई सेवा निवृत भइसकेका कर्मचारीहरु सेवा निवृत हुँदा नियमानुसार भुक्तानी पाउनु पर्ने सञ्चित विदा, औषधि उपचार र उपदान बापतको रकम भुक्तानी हुन नसकेको अवस्था छ ।

जिल्ला समन्वय समितिमा साविकदेखि सञ्चालनमा रहेका विभिन्न कोषहरूमा रहेको रकम खर्च गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७५।०९।०६ मा "जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५" स्वीकृत भई कार्यान्वयनमा आएको छ। उक्त निर्देशिका अनुसार कोषमा रहेको रकम गाउँपालिका तथा नगरपालिका र वडा कार्यालयको प्रशासकीय भवन निर्माण तथा मर्मत सम्भार, सामुदायिक विद्यालयको भवन निर्माण, स्थानीय स्वास्थ्य सम्बन्धी पूर्वाधारको निर्माण र मर्मत, खानेपानी सम्बन्धी पूर्वाधार निर्माण र जिल्ला समन्वय समितिको भवन निर्माण र मर्मत सम्बन्धी आयोजनाको लागि गाउँपालिका तथा नगरपालिकामा विनियोजन गर्न सक्ने प्रावधान रहेको छ । हालसम्म पनि केही जिल्ला समन्वय समितिको मौज्दात कोषमा रकम बाँकी रहेको र जिल्ला समन्वय समितिका स्थायी कर्मचारीको सेवा निवृत सुविधा भुक्तानी गर्न उक्त कोषको रकम समेत उपयोग गर्न सकिने अवस्था रहेको छ ।

साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका तथा जिल्ला समन्वय समितिमा नै कार्यरत रहेका कर्मचारी नियमानुसार सेवा निवृत हुँदा भुक्तानी दिनुपर्ने रकम सरकारको अनिवार्य दायित्वको विषय भएकोले भुक्तानी दिनु नै पर्ने हुन्छ । यसको लागि जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषमा रहेको रकमबाट अपुग भएको अवस्थामा जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको रकमबाट कर्मचारी कल्याण कोषमा आवश्यक रकम विनियोजन गर्न सक्ने गरी "जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५" मा संशोधन गर्न र मौज्दात कोषको रकमबाट समेत नपुग भएको अवस्थामा नेपाल सरकारबाट भुक्तानीको व्यवस्था गर्ने सम्बन्धमा नीतिगत निर्णय गर्न प्रस्ताव तयार गरिएको छ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः साविकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई गाउँपालिका तथा नगरपालिकामा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका कर्मचारीहरूको सेवा र

सूर्यप्रसाद गौतम
सचिव

शर्त अन्य कानूनी व्यवस्था नभएसम्म साविक बमोजिम हुने व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५
ले गरेको छ। यस्ता कर्मचारीको सेवा निवृत सुबिधा भुक्तानीमा "जिल्ला समन्वय समितिको मौज्दात कोष
सञ्चालन निर्देशिका, २०७५" को उपयोगको दायरा फराकिलो बनाउन निर्देशिकामा परिमार्जन आवश्यक
देखिएकोले "जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन (पहिलो संशोधन) निर्देशिका २०७७" को
स्वीकृति गर्न र उक्त कोषबाट समेत भुक्तानी गर्न रकम अपुग भएको अवस्थामा सोको विवरण एकीन
गरी सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी दिने विषयको नीतिगत निर्णय
गर्न प्रस्ताव तयार गरिएको छ। निर्देशिकाको संशोधन र नीतिगत निर्णयको लागि अर्थ मन्त्रालयको प.सं
३६५-३, च.न. ९८७, मिति २०७६।९।२२ को पत्रबाट सकारात्मक राय तथा परामर्श र कानून न्याय
तथा संसदीय मामिला मन्त्रालयवाट च.न. ३३७, मिति २०७७।०२।१९ तर्जुमाको सहमति प्राप्त भएको
छ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिशः "जिल्ला समन्वय समितिको मौज्दात कोष
सञ्चालन (पहिलो संशोधन) निर्देशिका २०७७" लाई स्वीकृत गर्न र उक्त निर्देशिकाको संशोधनबाट समेत
साविकको जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई नियमानुसार सेवा निवृत हुने कर्मचारीको सेवा
निवृत सुविधाको रकम भुक्तानी दिने सम्बन्धमा नीतिगत निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने
गरी माननीय विभागीय मन्त्रीज्यूबाट मिति २०७७/०२/२२ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार
(कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची-१ विषय संख्या १३ अनुसार यो प्रस्ताव पेश
गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

१. साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६
बमोजिमको सञ्चित विदा, औषधि उपचार खर्च र उपदानको रकम पाउने गरी साविकका जिल्ला
विकास समितिमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका तथा
नगरपालिकामा समायोजन भएका र कानून बमोजिम सम्वत् २०७७ साल असार मसान्तभित्र अवकाश
प्राप्त कर्मचारीको सञ्चित विदा, औषधि उपचार र उपदानको रकम जिल्ला समन्वय समितिमा रहेको
साविकको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने।

२. सम्वत् २०७७ असार मसान्तभित्र अवकाश भइसकेका त्यस्ता कर्मचारीको हकमा कर्मचारी कल्याण
कोषमा रकम नभएमा वा नपुग भएमा नपुग हुने रकम मात्र नेपाल सरकारले उपलब्ध गराउने।

३. क्रमसङ्ख्या २ बमोजिम भुक्तानीका लागि आवश्यकपर्ने रकम एकीन गरी सम्बन्धित जिल्ला समन्वय
समितिले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने। यसरी प्राप्त विवरण बमोजिम
एकमुष्ठ रकम एकीन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयसँग निकासा
माग गर्ने। सो बमोजिमको रकम अर्थ मन्त्रालयले प्रयोजन खुलाई सम्बन्धित जिल्ला समन्वय
समितिलाई निकासा पठाउने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले नियमानुसार भुक्तानी
गर्ने।

मितिः २०७७/०२/२२

.........................
सूर्यप्रसाद गौतम
सचिव

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृत सुविधाको रकम भुक्तानी गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नं. १९/३-०७७/३/२३ का प्रस्ताव म.प.बै.स. २१/०७७ मिति २०७७/३/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु–

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७७/३/२९